"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शुक्रबारे, तेह्रथुम

प.सं. :-०७५।७६(स्वास्थ्य शाखा) १ नं. प्रदेश नेपाल

च.नं. :- १६८२

मिति :-२०७६।०३।०८

**विषय:- लौरो लिन छुट ज्येष्ठ/अपाङ्ग नागरिकहरुले लौरो बुझिलिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस छथर गाउँपालिका द्वारा आयोजित **ज्येष्ठ नागरिकहरुको लागि नि:शुल्क स्वास्थ्य उपचार तथा गाउँपालिका साथि लौरो उपहार कार्यक्रम** मिति २०७६।०३।०१ देखि ०७६।०३।०६ सम्म यस छथर गाउँपालिकाको वडा नं.१ देखि ६ सम्म कमै संग संचालन गरिएकोमा उक्त कार्यक्रममा यस छथर गाउँपालिका अर्न्तगत रहेर यस चालु आ.व २०७५।०७६मा ज्येष्ठ नागरिक र अपाङ्ग अर्न्तगतको राज्यबाट उपलब्ध गराईदै सामाजिक सुरक्षा भत्ता लिईरहनुभएका नागरिकहरुले पाउनुहुने गाउँपालिका साथि लौरो उपहार कार्यक्रम अर्न्तगतको प्रति लक्षित ब्यक्ति १ थान लौरो अभियानको समयमा बुझ्न छुट भएको महानुभावहरुले आ-आफ्नो सम्बन्धित वडा वा स्वास्थ्य चौकी बाट मिति २०७६।०३।१५ गते सम्म स्वम् उपस्थित भई बुझिलिनुहुन यो सूचना जारी गरिएको छ । उक्त समयावधि भित्र लौरो लिन छुट महानुभावहरुले लौरो नबुझेमा छुट लौरो पाउँ भनि आएको निवेदन उपर कुनै कार्वाही नहुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

**बोधार्थ:-**

१.श्री सबै वडा कार्यालयहरु, छथर गा.पा., तेह्रथुम ।
२. श्री सबै स्वास्थ्य चौकीहरु, छथर गा.पा., तेह्रथुम । (लौरो बुझिलिनेको र छुट नामावली छुट्टाछुट्टै तयार गरि बाँकी रहेको लौरो २०७६।०३।१७ गते भित्रमा छथर गाउँकार्यपालिकाको कार्यालयमा फिर्ता गर्नुहुन ।)

(कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत